# मागमा आधारित प्रदेश विकास आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०७५

प्रस्तावनाः प्रदेश भित्र सञ्चालन हुने विभिन्न आयोजनाहरुलाई निर्वाचन क्षेत्रका आधारमा व्यवस्थित रुपमा मागमा आधारित भै छनौट र सञ्चालन गर्न आवश्यक भएकाले प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नामर प्रारम्भः (१) यस कार्यविधिको नाम "मागमा आधारित प्रदेश विकास आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुमध्येबाट प्रचलित कानून बमोजिम गठीत उपभोक्ता समिति सम्झनु पर्छ ।

(ख) "छनौट समिति" भन्नाले दफा ६ बमोजिम गठन भएको आयोजना छनौट र अनुगमन समिति समझ्नु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(घ) "सार्वजनिक उपयोग सम्बन्धी पूर्वाधार" भन्नाले सवै व्यक्तिले उपयोग गर्न सकिने भौतिक संरचना सम्झनु पर्छ ।

(ङ) "आयोजना" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजना सम्झनु पर्छ ।

३. आयोजना सिफारिस समितिः (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजनाको सिफारिस, कार्यन्वयन र अनुगमन गर्न देहाय बमोजिमको एक समिति रहनेछ :-

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम सम्वन्धित निर्वाचन क्षेत्रवाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्य -संयोजक

(ख) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्य -सदस्य

(ग) सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुख -सदस्य

(घ) खण्ड (क) बमोजिमको निर्वाचन क्षेत्र भित्र पर्ने स्थानीय तहका प्रमुख/अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित जिल्ला हेर्ने भौतिक पुर्वाधार कार्यालयको कार्यालय प्रमुख - सदस्य सचिव

(२) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्यसम्बन्धित प्रदेशको आफूले चाहेको कुनै एक निर्वाचन क्षेत्रको उपदफा (१) बमोजिमको समितिको सदस्य हुन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमका प्रदेश सभाका सदस्यले आफू सदस्य हुन चाहेको निर्वाचन क्षेत्र खुलाई वैसाख मसान्त भीत्र सम्बन्धित जिल्ला हेर्ने भौतिक पूर्वाधार कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमको निर्वाचित प्रदेश सभाको सदस्य निलम्वन भएको वा सो पद रिक्त रहेको अवस्थामा उपलव्ध प्रदेश सभा सदस्य मध्ये जेष्ठ सदस्यले संयोजकको रुपमा कामकाज गर्नेछ ।

४. <u>आयोजना सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> आयोजना सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम सञ्चालन हुने विकास आयोजनाहरुको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा छनौट समिति समक्ष सिफारिस गर्ने,

(ख) यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजनाको समन्वय, सहजिकरण र अनुगमन गर्ने,

(ग) आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्ने,

(घ) आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन छनौट समितिलाई आवश्यक सल्लाह र सहयोग गर्ने ।

५. <u>समितिको बैठक र सिफारिस सम्बन्धी व्यवस्था</u> :(१) दफा ३ को उपदफा (१) बमोजिमको समितिको वैठक आवाश्यकता अनुसार संयोजकले बोलाउनेछ ।

तर समितिको पहिलो वैठक जेठ महिनाको सात गतेभित्रमा बसी छनौट समितिसमक्ष आयोजना सिफारिस गरी सक्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम समितिको बैठकले दफा ८ बमोजिमका आयोजना मध्येबाट दफा ३ को उपदफा (१) खण्ड (क) र उपदफा (२) बमोजिम कुल प्रदेश सभा सदस्य संख्याको कम्तिमा दुईगुणा भौतिक पूर्वाधारजन्य आयोजना सिफारिस गर्नु पर्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम सिफारिस गर्दा कम्तिमा तीस लाख रुपयाँ लागत अनुमान भएका आयोजनाहरु एक ओटा वा बढीमा एक करोड रुपैया बराबर लागत भएका तीन ओटा आयोजनाहरु सिफारिस गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस गरिएका सवै आयोजनाको कुल लागत अनुमान एक प्रदेश सभा सदस्यलाई एक ईकाई मानि एक करोड रुपयाँ भन्दा वढी हुने गरी गर्न सकिने छैन ।

(६) उपदफा (१) बमोजिमको समितिको वैठकमा उपस्थितिको लागि कम्तिमा पाँच दिनको समय दिई समितिका सवै सदस्यलाईलिखित जानकारी गराउनु पर्नेछ। कुनै सदस्यको अनुउपस्थितिका कारणले मात्र समितिको काम कार्वाहीमा वाधा पुग्ने छैन ।

(७) उपदफा (१) बमोजिमको समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ। सो हुन नसकेमा प्रदेश सभा सदस्यहरुको बहुमतको निर्णय बमोजिम हुनेछ ।

६. <u>आयोजना छनौटः</u>(१) यस कार्यविधि बमोजिम आयोजना छनौट र अनुगमन गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछः-

(क) उपध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -संयोजक

(ख) प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चलान) आदेश,२०७५ को दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम प्रदेश सरकारबाट नियुक्त सदस्यहरु - सदस्य

(२) छनौट समितिले आयोजना छनौट गर्दा प्रदेशको आवधिक योजनालाई आधार लिई देहाय बमोजिम विश्लेषण गरी गर्नु पर्नेछः-

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिमको निर्वाचन क्षेत्र भीत्र रहेका स्थानीय तहको वार्षिक विकास कार्यक्रम संकलन र विश्लेषण गर्ने,

(ख) यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजना छनौटको मापदण्ड तयार गर्ने,

(ग) यस कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिमको समितिले गरेका र प्रदेश भित्रको स्थानीय तहवाट प्रदेश सरकारमा माग भै आएका आयोजनाको लागत र प्रतिफलको विश्लेषण गर्ने,

(घ) यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजना छनौट गर्दा प्रदेशको आवधिक पञ्चवर्षिय योजनाले राखेको दीर्धकालिन सोच, लक्ष्य र क्षेत्रगत रणनीतिसँग तादम्यताको विश्लेषण गर्ने,

(ङ) यस कार्यविधिको दफा ९ बमोजिम छनौट भएका आयोजनाको स्वीकृतिका लागि मन्त्रालयमा लेखि पठाउने,

(च) आयोजनाको नियमित रुपमा अनुगमन गरी पृष्ठपोषण प्राप्त गर्ने ।

७. <u>आयोजना छनौट सम्वन्धी कार्यविधि:</u> आयोजना छनौट सम्वन्धी कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम गत आर्थिक वर्षमा कार्यान्वयन भएका आयोजनाको वार्षिक समिक्षा र चालु आर्थिक वर्षका लागि आयोजनाको छनौट गर्न जेठ पन्ध्र गते भित्र पहिलो वैठक,

(ख) यस कार्यविधिको दफा १० बमोजिम कार्यान्वयनमा रहेका आयोजनाको अर्धवार्षिक प्रगति समिक्षा गर्न वा कार्यान्वय प्रक्रिया अघि वढ्न नसकेका आयोजनाको संसोधन गर्न फागुन मसान्त भित्र दोस्रो वैठक ।

८. <u>आयोजनाको किसिम:</u> (१) यस कार्यविधि बमोजिम देहाय बमोजिमका सार्वजनिक उपयोगसँग सम्बन्धित भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्नु पर्नेछः-

(क) सडक विस्तार(वाइडेनिङ) तथा स्तरोन्नति सम्वन्धी आयोजना,

(ख) सडक पुल, झोलुङ्गे पुल, कल्भर्ट तथा ढल निर्माण सम्वन्धी आयोजना,

(ग) नदी तथा पहिरो नियन्त्रण र सिंचाई सम्वन्धी आयोजना,

(घ) खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्डसाईट निर्माण र सार्वजनिक सौचालय निर्माण सम्वन्धी आयोजना,

(ङ) ऐतिहासिक एवं पुरातात्विक र पर्यटकिय सम्पदाको संरक्षण एवं जिर्णोद्धार सम्वन्धी आयोजना,

(च) सामुदायिक विद्यालय भवन, सामुदायिक विद्यालयका वालविकास केन्द्र, अस्पताल तथा स्वास्थ्य केन्द्र, जेष्ठ नागरिक आश्रम तथा पुनस्थापन केन्द्रका भवन निर्माण एवं मर्मत सम्बन्धी आयोजना,

(छ) कृषि उपज संकलन केन्द्र र कृषि तथा पशुपक्षीं हाटवजार व्यवस्थापन सम्वन्धी आयोजना,

(ज) उर्जा विकास तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(झ) सभागृह, सार्वजनिक उद्यान तथा खेल मैदान निर्माण आयोजना,

(ञ) सरकारी भवन निर्माण आयोजना,

(ट) प्रदेश आवधिक योजनामा समावेश भएका पूर्वाधारजन्य आयोजना ।

(२) कार्यक्रम अन्तरगत सामाग्री खरिद गरी वितरण गर्न र सार्वजनिक उपयोग सम्वन्धी भौतिक पूर्वाधार विकास भन्दा अन्य प्रकृतिका आयोजना छनौट गर्न पाईने छैन ।

९. <u>आयोजना छनोटः</u> (१) छनौट समितिले दफा ८ मा उल्लेखित आयोजनाका किसिम मध्येबाट यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजना छनौट गर्दा अनुसूची -२ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना छनौट गर्दा सहभागितामूलक योजना विधिबाट प्राप्त आयोजनाहरु मध्येबाट छनौट गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम छनौट समितिले आयोजना छनौट गर्दा प्रदेश भित्रको प्रदेश निर्वाचन क्षेत्रमा एक आर्थिक वर्षमा दफा ३ को उपदफा (१) खण्ड (क) र उपदफा (२) बमोजिम कुल प्रदेश सभा सदस्य संख्याको कम्तिमा दुईगुणा भौतिक पूर्वाधारजन्य आयोजना छनौट गर्नु पर्नेछ।

तर तीस लाख रुपयाँ भन्दा कम रकमको आयोजना छनौट गर्न पाईने छैन ।

(४) उपदफा (३) बमोजिम छनौट गरिएका सवै आयोजनाको कुल लागत अनुमान एक प्रदेश सभा सदस्यलाई एक ईकाई मानी एक करोड रुपयाँ भन्दा वढी नहुने गरी गर्नु पर्ने छ।

तर चालु आर्थिक वर्षका लागि प्रदेश सरकार समक्ष विभिन्न माध्यामबाट माग भै अभिलेखन भएका आयोजनाहरु मध्ये छनौट समतिले मन्त्रालयबाट स्रोत सुनिश्चतता गरी दफा ८ मा उल्लेखित किसिमका आयोजना उपदफा (३) बमोजिम छनौट गर्न बाधा पुग्ने छैन ।

(५) छनौट समितिले आयोजना छनौट गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने आयोजना छनौट गर्नु पर्नेछ ।

१०. <u>आयोजना छनौट गर्दाको प्राथमिकताः</u> यस कार्यविधिको दफा ३ बमोजिमको सिफारिस समिति र छनौट समतिले प्रदेश आवधिक योजनाको आधारमा देहायका आयोजनाहरुलाई प्राथमिकता दिई निर्णय लिनु पर्नेछः-

(क) प्रदेश सरकार र स्थानीय तहको आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

(ख) स्थानीय श्रममा आधारित वढी जनसहभागिता जुट्ने पूर्वाधार सम्वन्धी आयोजना,

(ग) नेपाल सरकारका साविकका विभिन्न कार्यालयद्वारा सञ्चालित वा साविक जिल्ला विकास समितिद्वारा सञ्चालित क्रमागत पूर्वाधार सम्बन्धी आयोजना,

(घ) विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा आय र रोजगारी सृजना गर्ने पूर्वाधार सम्बन्धी आयोजना,

११. <u>आयोजना सञ्चालन तथा कार्यान्वयनः</u> (१) छनौट समतिले यस कार्यविधि बमोजिमको छनौट गरेका आयोजना कार्यान्वयनको लागि मन्त्रालयले सम्वन्धित विषयगत मन्त्रालयलाई अख्तियारी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अख्तियारी प्राप्त भएपश्चात विषयगत मन्त्रालयले कार्यान्वयनको लागि सम्वन्धित जिल्ला हेर्न तोकिएको मातहतको कार्यालयलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अख्तियारी प्राप्त भएका आयोजनाको कार्यान्वयन प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको अख्तियारी प्राप्त भए पश्चात सम्बन्धित कार्यालयले संघीय वा स्थानीय तहका आयोजनासँग कामको दोहोरो नपर्ने सुनिश्चितता गरी सम्झौता गर्नु पर्नेछ ।

१२. <u>रकम निकासा सम्बन्धी व्यवस्थाः</u> मन्त्रालयले छनौट समितिको निर्णय बमोजिम हुन आउने रकम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा निकासाको व्यवस्था मिलाउनु पर्नेछ ।

१३. <u>लेखा तथा लेखा परीक्षणः</u>सम्वन्धित मन्त्रालयवाट प्राप्त अख्तियारी बमोजिमको निकासा लिने, खर्च लेख्ने, आन्तरिक र अन्तिम लेखापरीक्षण अख्तियारी प्राप्त कार्यालयले प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ ।

१४. <u>सुपरिवेक्षण,अनुगमन तथा समीक्षा सम्बन्धी व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिम सञ्चालित आयोजनाको सुपरिवेक्षण तथा अनुगमन प्रदेश नीति तथा योजना आयोग, छनौट समिति, सम्बन्धित विषयगत मन्त्रालय, सम्बन्धित स्थानीय तह र सम्बन्धित कार्यालयले गर्नेछ ।



प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोगको कार्यालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

(२) यस कार्यविधि बमोजिम सञ्चालित आयोजना कार्यान्वयनका सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा छनौट समितिले सो सम्बन्धमा जाँचबुझ गर्नका लागि छुट्टै विज्ञ अनुगमन टोली गठन गर्न सक्नेछ।

(३) यस कार्याविधि बमोजिम सञ्चालित आयोजना कार्यान्वयनको प्रगति प्रतिवेदन सम्बन्धित कार्यालयले मन्त्रालय र तालुक मन्त्रालयलाई चौमासिक रुपमा र वार्षिक समिक्षा प्रदेश स्तरीय समिक्षा वैठकमा पेश गर्नु पर्नेछ ।

१५. <u>आयोजनाको सम्झौता, पेश्की, प्राविधिक मुल्याङकन, जाँचपास र फरफारक सम्वन्धी व्यवस्थाः</u> (१) उपभोक्ता समितिले कार्यान्वयन गरेको कामको भुक्तानीको लागि उपभोक्ता समितिको निर्णय, वील र भरपाई सहित सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाको लागि पेश्की उपलव्ध गराउन सकिने छैन ।कामको प्राविधिक मुल्याङकनको आधारमा भुक्तानी गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाको विस्तृत विवरण सहितको सूचना पाटी कार्यस्थलमा सवैले देख्ने गरी राख्नु पर्नेछ ।

(४) यस कार्याविधि बमोजिम सञ्चालित आयोजनाको कार्यसम्पन्न भए पश्चात दफा ३ बमोजिमको समितिबाट तोकिए बमोजिमको काम सम्पन्न भएको भनी लेखिएको अनुगमन प्रतिवेदन, सम्वन्धित आयोजनाको सार्वजनिक परीक्षण प्रतिवेदन, उपभोक्ता समितिको निर्णय र कार्यसम्पन्न मुल्याङकन प्रतिवेदन प्राप्त भए पश्चात अन्तिम भुक्तानी गर्नु पर्नेछ ।

तर दफा ३ बमोजिमको समितिबाट अनुगमन प्रतिवेदन प्राप्त नभए तापनि वाँकी अन्य प्रतिवेदन र निर्णयको आधारमा भुक्तानी गर्न बाधा पुग्ने छैन ।

(५) उपदफा (४) बमोजिमका प्रतिवेदन र प्राविधिकको कार्यसम्पन्न मुल्याङकन प्रतिवेदन प्राप्त भई सकेपछि अख्तियारी प्राप्त सम्बन्धित अधिकरीले त्यस्तो कामको हिसाव फरफारक गरी सोको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

१६. <u>कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u> यस कार्याविधि बमोजिम सञ्चालित आयोजनाको सिफारिस, अनुगमन र प्रतिवेदन गर्ने योजना कार्यान्वयन गर्ने कार्यालयले एक प्रतिशतमा नबढ्ने गरी प्रशासनिक खर्च छुट्ट्याउन सक्नेछ । प्रशासनिक खर्च गर्दा कुल पुँजिगत खर्चको आधारमा गर्नु पर्नेछ ।

१७. <u>मन्त्रालयले निर्देशन दिन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन वा कार्यविधि कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक



प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोगको कार्यालय
प्रदेश नं.३
हेटौंडा, मकवानपुर, नेपाल

निर्णय गरी निर्देशन दिन सक्नेछ ।यस्तो निर्देशन पालना गर्नु दफा ३ बमोजिमको सिफारिस समिति,आयोजना कार्यान्वयन गर्ने कार्यालय, निर्माण व्यवसायि र उपभोक्ता समितिको कर्तव्य हुन आउनेछ ।

अनुसूची -१

(दफा ४ को खण्ड (क) सँग सम्बन्धित)

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## आयोजना सिफारिस विवरण

| क.स. | जिल्ला | प्रदेश निर्वाचन क्षेत्र नं | प्रदेशसभा सदस्य संख्या | आयोजनाका नाम | आयोजना रहेको स्थानीय तह | आयोजनाको लागि विनियोजित रकम रु. हजारमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| जम्मा रकम रु (हजारमा) | | | | | | |

प्रदेश सरकार
नीति तथा योजना आयोगको सचिवालय
प्रदेश नं.३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -२

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

### आयोजना छनौट विवरण

| क.स. | जिल्ला | प्रदेश निर्वाचन क्षेत्र नं | प्रदेशसभा सदस्य संख्या | आयोजनाका नाम | आयोजना रहेको स्थानीय तह | आयोजनाको लागि विनियोजित रकम रु. हजारमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| जम्मा रकम रु (हजारमा) | | | | | | |